# स्थानीय राजपत्र

खण्ड ८ | संङ्ख्या ४ | मितिः २०८२/१०/०७


## भाग १

## दोगडकेदार गाउँपालिका

**“आमाका लागि आयआर्जन र** बालबालिका **विशेष पोषण कार्यक्रम”**सञ्चालन**कार्यविधि,** २०८२

गाउँसभाबाट स्वीकृत मितिः२०८२/०९ /२५

प्रस्तावना

दोगडाकेदार गाउँपालिकाको पोषण अवस्थामा सुधार गरी समग्र स्वास्थ्य क्षेत्र लगायत सामाजिक विकासका क्षेत्रमा अपेक्षित नतिजाको लागि आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयनको लागि सङ्घीय सरकारसँग "आमाका लागि आयआर्जन बालबालिका विशेष कार्यक्रम" प्रस्ताव गरिएकोमा सङ्घीय सरकारले विशेष अनुदान मार्फत प्रदान गरेको रकम रुपियाँ एक करोड पैसट्ठी लाखलाई प्रभावकारी तवरले कार्यान्वन गर्न वाञ्छनीय भएकोले दोगडाकेदार गाउँपालिकाको गाउँसभाको सोह्रौं अधिवेसनबाट यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१. नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम**"आमाका लागि आयआर्जन र बालबालिका विशेष पोषण कार्यक्रम सञ्चालन कार्यविधि २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि **दोगडाकेदार गाउँपालिका**को क्षेत्रभर लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**:विषयवा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यविधि"भन्नाले"**आमाका लागि आयआर्जन र बालबालिका विशेष पोषण कार्यक्रम** कार्यान्वयन कार्यविधि, २०८२लाई सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले संघीय सरकारबाट विशेष अनुदानको रुपमा पालिकालाई हस्तान्तरित **"आमाका लागि आयआर्जन र बालबालिका विशेष पोषण कार्यक्रम"** सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले दोगडाकेदारगाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दोगडाकेदार गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ) "कार्यालय"भन्नाले दोगडाकेदारगाँउपालिकाको कार्यालय सम्झनु पर्दछ ।

च) "अनुदान" भन्नाले दोगडाकेदार गाँउपालिकामा**"आमाका लागि आयआर्जन र बालबालिका विशेष पोषण कार्यक्रम "**संचालनगर्न प्रदानगरिने नगद, जिन्सी वा प्रविधि समेतका सामग्रीलाई सम्झनुपर्दछ ।

छ) "अनुदानग्राही" भन्नाले यस कार्यविधिअनुरुपछनौट भएर अनुदानसँग सम्बन्धितकुनै पनि सेवा सुविधा प्राप्त गर्ने संघ वा संस्था बुझिन्छ ।

**३. उद्देश्यहरु:**

यस कार्यक्रमकाउद्देश्यहरु देहायबमोजिम रहेकाछन्:

- सुनौलो हजार दिनभित्रका आमाहरूलाई आय आर्जनका लागि बाख्रापालन, कुखुरापालन तथा प्रवर्द्धन, करेसाबारी निर्माण तथा मिनिकिट वितरण, तरकारी खेती प्रवर्द्धनका लागि पोलिहाउस वितरण, कन्ने कुरिलो खेती तालिम तथा प्रविधि हस्तान्तरण, अदुवा र वेसार खेती तालिम तथा क्षेत्र विकास र विस्तारका गर्ने,
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूलाई घरमा बनेको खाजा सामुदायिक विद्यालय लैजान सहज हुने गरी टिफिन बक्स वितरण गर्ने,
- आमा समूह, बालविकास सहजकर्ता, विद्यालयका शिक्षक विद्यार्थी, जनप्रतिनिधि तथा कर्मचरीलाई पोषण सम्बन्धी सचेतना तथा व्यवहार परिवर्तन सम्बन्धी अभिमुखीकरण गर्ने,

- सुनौलो हजार दिनका आमाहरूका परिवारका सदस्यहरू सासु ससुरा, श्रीमान तथा बालक्लबहरूमा पोषण सम्बन्धी सचेतना फैलाउने,
- गाउँपालिका मुख्य मुख्य टोलहरूमा सचेतनामूलक होडिङ्ग बोर्ड जडान गर्ने तथा सामुदायिक विद्यालय, सामुदायिक संस्था र सरकारी कार्यालयमा फ्लेक्स चार्ट जडान र वडा कार्यालयहरुमा पोषण कर्नर स्थापना गरी पोषण सम्बन्धी सचेतना फैलाउने।
- लक्षित वर्गलाई दिगो रूपमा आयआर्जन गर्न तथा उद्यमशीलताको विकास गर्न प्रेरित गर्ने तथा सक्षमता विकास गर्ने।

परिच्छेद २

## बजेटको स्रोत तथा कार्यान्वयन

**४. कार्यक्रमको लागिश्रोत:**नेपाल सरकारको विशेष अनुदान अन्तर्गत यस गाँउपालिकालाई प्राप्त**"आमाका लागि आयआर्जन र बालबालिका विशेष पोषण कार्यक्रम"**को लागिहस्तान्तरित रकम रु १,६५,००,०००।-

**५. क्षेत्रगत विनियोजन:** दफा ४ बमोजिमको स्रोतलाई देहाय बमोजिम क्षेत्रगत विनियोजन गरी खर्च गरिनेछ।

क) टिफिन वितरण रु. २४,००,०००/(चौबीस लाख)

ख) स्वास्थ्य क्षेत्र: ५५,७७,०००/ (पछपन्न लाख सतहत्तर हजार )

ग) कृषि तथा पशुपन्छी विकास क्षेत्र: ६९,२३,०००/ (उनान्सहत्तरी लाख त्याईस हजार मात्र )

घ) महिला तथा बालबालिका क्षेत्र: १००००००/ (दश लाख)

ङ) प्रशासनिक तथा व्यवस्थापन खर्च: ६०००००/ (छ लाख)

**६. क्षेत्रगत क्रियाकलापहरू:**दफा ५ बमोजिमका क्षेत्रगत क्रियाकलापहरू तथा अनुमानित खर्च अनुसूची १ बमोजिम हुनेछन्।

**परिच्छेद ३**

**कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

७. कार्यक्रमलाई नेपाल सरकारको "विशेष अनुदान सञ्चालन कार्यविधि २०८२" मा व्यवस्था भए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

८. कार्यक्रम कार्यान्वयनको क्रममा गरिने खरिद सम्बन्धी कार्यहरू सार्वजनि खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम गर्नुपर्नेछ।

९. कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ।

क. स्वास्थ्य शाखा प्रमुख -संयोजक

ख. कृषि तथा पशुपंछि विकास शाखा प्रमुख- सदस्य

ग. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख- सदस्य

घ. गाउँपालिकाको पोषण सहजकर्ता - सदस्य

ङ. शिक्षा शाखा प्रमुख- सदस्य

१०. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

क. गाउँपालिका उपाध्यक्ष -संयोजक

ख. गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक महिला सहित ३ जना- सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

## परिच्छेद ४
## विविध

११. अधिकार प्रत्यायोजनः कार्यक्रम कार्यान्वयको लागि यस कार्यविधिमा उल्लेख नभएको विषयमा तथा कार्यान्वयनमा आइपर्ने जटिलताको निराकरणका लागि आवश्यक निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गरिएको छ।

१२. तथ्याङ्क सम्बन्धी व्यवस्थाः कार्यक्रम कार्यान्वयनको लागि लाभग्राही/अनुदानग्राहीको तथ्याङ्क स्वास्थ्य संस्था, सामुदायिक विद्यालय तथा वडा कार्यालाबाट संकलन गर्न सकिनेछ।

१३. वडा स्तरमा अनुदानग्राही छनौट गर्दा वडा स्तरीय पोषण तथा खाद्यसुरक्षा सहजीकरण समितिको सिफारिसलाई आधार मानिनेछ ।

अनुसूची १
(दफा ६ सँग सम्बन्धित)

**क. स्वास्थ्य क्षेत्र**

| सि.न. | क्रियाकलप | संख्या | दिन | प्रति लागत | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरिय जनप्रतिनिधि र कर्मचारीहरु लाइ षोषण सन्वन्धिअभिमुखीकरण । | १ | १ | १००००० | १,००,००० |
| २ | वडा स्तरिय जनप्रतिनिधि र कर्मचारीहरु लाइ षोषण सन्वन्धिअभिमुखीकरण । | ८ | २ | ६०००० | ४,८०,००० |
| ३ | पोषणपार्शचित्र । | १ | | ३७०००० | ३,७०,००० |
| ४ | सुनौला १००० दिनका आमाहरु लाइ पोसिलो झोला वितरण। | ७०० | १ | १४०० | ९,८०,००० |
| ५ | सामुदायिक विद्यालयहरुमा शिक्षक र किसोरीहरु लाइ पोषण सम्वन्धी अभिमुखीकरण । | १९ | १ | ५५००० | १०,४५,००0 |
| ६ | बाल विकाशका शिक्षक, प्र.अ. र सहयोगीहरुलाई पोषण सम्वन्धिअभिमुखीकरण । | ६१ | ८ | ३५००० | २,८०,००० |
| ७ | पोषणसम्वन्धि होडिङवोर्ड स्थापना । | ३२ | १ | २५००० | ८,००,००० |
| ८ | सामुदायिक विद्यालय, वडा कार्यालय , स्वास्थ्य | ८ | ४ | २०००० | २,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्थामापोषणसम्वन्धि फ्यलेक्स वितरण | | | | |
| ९ | पोषणमैत्रीस्वास्थ्य संस्था घोषणा \अभियान | ३ | | - | ३,६५,००० |
| १० | सुनौला हजार दिनका आमाहरु लाई करेसावारीका लागी विउँ विजन वितरण | ७०० | १ | १००० | ७,००,००० |
| ११ | प्रतेक वडा कार्यालयहरुमा पोषण कर्नर स्थापना | ८ | | | २५७००० |
| | जम्मा | | | | ५५,७७,००० |

# (ख)कृषि तथा पशुपन्छी विकास

कार्यक्रमको विवरण

**१.कार्यक्रमको नामः**-बाख्रा पालन बितरण कार्यक्रम

**१.१ कार्यक्रमको पृष्ठभुमीः-**

सुनौला हजार दिनको अवधि आमा र शिशुको शारिरीक तथा मानसिक( गर्भधारण गरे देखी २ वर्ष सम्मको )

आर्थिक अभाव तथा आयआर्जनका लागी अत्यन्तै संवेदनसिल समय हो ।यस अवधिमा पोषणको कमी भएमा बाल बालिकामा कुपोषण देखीने गरेको छ । स्थानिय स्तरमा उपलव्ध स्रोत साधनको प्रयोग गर्दै बाख्रा तथा कुखुरा पालन मार्फत आम्दानी तथा पोषण दुवै सुधार गर्न सकिने ।

**लक्षित वडाः ६ वटै वडाहरु (वडा नं. ५ र ७ वाहेक )**

**लक्षित परिवारः** -सुनौला हजार दिनका ६६ विपन्न महिला

**कुल प्रस्तावित बजेटः**- ११,६३,०००।(एघार लाख त्रिसठ्ठी हजार)

१.२ कार्यक्रमको उद्देश्यः

- यस दोगडाकेदार गाउँपालिकाका सुनौलो हजार दिनका आमा तथा वच्चाहरुको पोषण स्थितिमा सुधार ल्याउन
- यस दोगडाकेदार गाउँपालिकाका सुनौलो हजार दिनका आमाहरुको आयआर्जन र आत्मनिर्भरता बढाउने
- घरायसी स्तरमा पशुपालन प्रवर्दन गर्न

१.३ कार्यक्रमका गतिबिधि र लागत अनुमान

| क्रस. | गतिविधि विवरण | इकाइ | दर (रू) | जम्मा रकम रु |
|---|---|---|---|---|
| १ | स्थानिय जातका वाख्रा (माउ) खरिद गरि वितरण गर्ने | ६६ | १५००० | ९,९०,००० |
| २ | २ दिने तालिम तथा प्राविधिक सेवा अभिमुखीकरण गोष्ठी | २ | ५०००० | १७३००० |
| | | | | ११,६३,००० |

१.४ अपेक्षित नतिजाः

- सुनौलो हजार दिनका आमाहरुले बाख्रा पालन व्यवसाय शुरु गरी खाद्य तथा पोषण सुरक्षा शुनिश्चित गरी गरिवी निवारण गरी आर्थिक सम्वृद्धि हासिल गर्ने
- परिवारको पोषण स्तरमा सुधार भई कुपोषण न्युनिकरण हुने

- मासु तथा वाखा बिक्रिवाट आय स्तर बृद्धि हुने

२.कुखुरा पालन एबम प्रबर्द्धन कार्यक्रम

कार्यक्रमको विवरण

२.१ कार्यक्रमको नामः -कुखुरा पालन एवम प्रवर्द्धन कार्यक्रम

लक्षित वडाः ६ वटै वडाहरु (वडा नं. ५ र ७ वाहेक )

१८० जना हजार दिने गरिब विपन्न महिला सिमान्तकृत परिवारलाई

२.२ लक्षित परिवारः -

- स्वास्थ्य शाखाको अभिलेख अनुसार छनौट गरिएका सुनौलो हजार दिनका आमा (गर्भवती तथा सुत्केरी )
- यस दोगडाकेदार गाउँपालिका भित्रका न्युन आय भएका ईच्छुक पशुपालन गर्ने )हजार दिने गरिब विपन्न महिला सिमान्तकृत परिवारलाई पहिलो प्रथामिकता दिईने ।

कुल प्रस्तावित बजेटः१ -१३,८०,०००।(तेह्र लाख अस्सी हजार)

२.३ कार्यक्रमको उद्येश्यः-

- यस दोगडाकेदार गाउँपालिकाका सुनौलो हजार दिनका आमा तथा वच्चाहरुको पोषण स्थितिमा सुधार गर्नु र आयआर्जनका अवसर सिर्जना गर्नु ।
- यस दोगडाकेदार गाउँपालिकाका सुनौलो हजार दिनका आमाहरुको आयआर्जन र आत्मनिर्भरता बढाउने
- मासु र अण्डाबाट पोषण सुधार ।
- महिलाको आत्मनिर्भरता र सशक्तीकरण ।

२.४ कार्यान्वयन प्रक्रियाः

- स्वास्थ्य शाखासँग समन्वय गरी लाभग्राही छनोट
- पशुपन्छी शाखामार्फत सामाग्रि खरिद तथा वितरण
- पशु स्वास्थ्य प्राविधिकवाट तालिम त प्राविधिक सेवा
- नियमित अनुगमन तथा मुल्याङ्कन

२.५ कार्यक्रमका गतिबिधि र लागत अनुमान

| क्रस. | गतिविधि विवरण | इकाइ | दर (रू) | जम्मा रकम रु |
|---|---|---|---|---|
| १ | चल्ला खरिद (बोइल \ लोकल ) | १८०० वटा | ५०० | ९००००० |
| २ | १ दिने तालिम तथा प्राविधिक सेवा अभिमुखीकरण गोष्ठी | ६वडामा | ४०००० | २,४०,०००। |
| ३ | फिडर ब्रुडर उपकरण , ड्रिकर | | | ८०००० |
| ४ | आवश्यक औषधी किट खरिद तथा वितरण | १८० परिवार | ८९० | १६०००० |
| | जम्मा | | | १३,८०,००० |

२.६ अपेक्षित नतिजाः

- सुनौलो हजार दिनका आमाहरुले कुखुरा पालन व्यवसाय शुरु गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरी गरिवी निवारण गरी आर्थिक सम्वृद्धि हासिल गर्ने ,
- घरमै मासु तथा अण्डा उत्पादनबाट पोषण सुधार हुने ,
- परिवारको पोषण स्तरमा सुधार भई कुपोषण न्युनिकरण हुने ,
- दिगो पशुपालन अभ्यासको विकास हुने ।

**२.७ अनुगमन तथा मुल्याङ्कनः-**

- पशुपंक्षी शाखाद्वारा नियमित फिल्ड अनुगमन,
- आवश्यकसुधारात्मककार्य,
- उत्पादन आम्दानी र पशुपंक्षीको स्वास्थ्य मुल्याङ्कन ।

२. ८ निष्कर्षः

यस दोगडाकेदार गाउँपालिकामा यस कार्यक्रमले सुनौलो हजार दिनका आमा तथा बालवच्चाहरुको पोषण स्थितिमा सुधार भई आयआर्जन र सशक्तिकरणमा प्रत्यक्ष योगदान पुर्याउने ।

**३ १००० दिने आमाहरूको आयआर्जन तथा बालबालिका पोषण सुधारका लागि कुरिलो खेती विशेष कार्यक्रम**

## ३.१ कार्यक्रमको नाम

**१००० दिने आमाहरूको आयआर्जन तथा बालबालिका पोषण सुधारका लागि कुरिलो खेती विशेष कार्यक्रम**

## ३.२ कार्यक्रम सञ्चालन क्षेत्र

दोगडाकेदार गाउँपालिका
वडा नं. १ देखि ८ सम्म (८ वटै वडा)

## ३.३ लक्षित समूह

- १००० दिने आमाहरू :**जम्मा ४०० जना**
- प्रति वडा : औसत**५० जना आमा**

## ३.४ कार्यक्रम अवधि

१ वर्ष (आर्थिक वर्ष २०८२_०८३)

## ३.५ कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

१००० दिने अवधि (गर्भावस्था देखि शिशु दुई वर्षको उमेरसम्म) बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि अत्यन्त संवेदनशील समय हो। यस अवधिमा आमाको पोषण अवस्था कमजोर भएमा बालबालिकामा कुपोषण, न्यून तौल र दीर्घकालीन विकास समस्याहरू देखा पर्ने सम्भावना रहन्छ।

दोगडाकेदार गाउँपालिकाका धेरै १००० दिने आमाहरूको नियमित आयस्रोत सीमित रहेको तथा पोषणयुक्त खाद्य सामग्रीको पहुँच न्यून रहेको अवस्था छ। यस अवस्थालाई सुधार गर्न आयआर्जनसँगै पोषण सुधार हुने उच्च पोषणयुक्त तथा बहुवर्षीय तरकारी बाली**कुरिलो (Asparagus)**खेती उपयुक्त विकल्पका रूपमा देखिएकोले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

## ३.६ कार्यक्रमका उद्देश्य

### मुख्य उद्देश्य

१००० दिने आमाहरूको आयआर्जन वृद्धि गर्दै बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु।

## ३.७ विशेष उद्देश्यहरू

1. आमाहरूलाई आयमूलक कुरिलो खेतीमा संलग्न गराउने ,
2. घरमै पोषणयुक्त तरकारी उत्पादन वृद्धि गर्ने ,
3. दीर्घकालीन आयस्रोत विकास गर्ने ,
4. महिला सशक्तिकरण तथा आत्मनिर्भरता प्रवर्द्धन गर्ने।

## ३.८ कार्यक्रमका प्रमुख क्रियाकलापहरू

1. कुरिलो खेती सम्बन्धी १ दिने व्यावहारिक तालिम,
2. कुरिलो बिरुवा वितरण,
3. जैविक मल तथा उपकरण किट वितरण ,
4. खेत तयारी सहजीकरण ,
5. प्राविधिक सेवा तथा परामर्श ,
6. ३ चरणमा अनुगमन तथा मूल्यांकन ।

## ३.९कार्यक्रम कार्यान्वयन विधि

- कार्यक्रम गाउँपालिकाको कृषि शाखाको नेतृत्वमा सञ्चालन गरिने ,
- वडा कार्यालयमार्फत १००० दिने आमाहरूको सूचीका आधारमा लाभग्राही छनोट गरिने ,
- तालिम तथा प्राविधिक सेवा कृषि प्राविधिकबाट प्रदान गरिने ,
- अनुगमन गाउँपालिका तथा वडा तहबाट संयुक्त रूपमा गरिने।

## ३.१० बजेट विवरण (रु. १४,२०,०००)

| क.सं. | विवरण | परिमाण | एकाइ दर (रु.) | कुल रकम (रु.) |
|---|---|---|---|---|
| 1 | १ दिने कुरिलो खेती तालिम (8 स्थानमा) | 8 कार्यक्रम | 40,000 | 3,20,000 |
| 2 | कुरिलो बिऊ/बिरुवा/किट वितरण | ४००आमा | २५०० | १०,००,००० |
| 3 | जैविक मल / बिषादी तथा उपकरण किट | ४००आमा | २५० | १,००,००० |

| क.सं. | विवरण | परिमाण | एकाइ दर (रु.) | कुल रकम (रु.) |
|---|---|---|---|---|
| | **कुल जम्मा रकम** | | | **14,20,000** |

## ३.११ अपेक्षित उपलब्धि

- ४०० जना १००० दिने आमाहरू आयमूलक कृषिमा संलग्न,
- घरपरिवारमा पोषणयुक्त तरकारीको नियमित उपभोग,
- आमाहरूको आत्मनिर्भरता तथा आर्थिक सशक्तिकरण,
- बालबालिकाको पोषण अवस्थामा सुधार,
- स्थानीय स्तरमा कुरिलो खेती विस्तार।

## ३.१२दिगोपन (Sustainability)

- कुरिलो बहुवर्षीय बाली भएकाले दीर्घकालीन उत्पादन सुनिश्चित,
- समूह तथा सहकारीमार्फत निरन्तर खेती,
- स्थानीय बजार तथा होटलसँग समन्वय,
- आगामी वर्षहरूमा गाउँपालिकाबाट निरन्तर कार्यक्रम विस्तार।

## ३.१३ निष्कर्ष

१००० दिने आमाहरूको आयआर्जन तथा बालबालिकाको पोषण सुधारका लागि कुरिलो खेती विशेष कार्यक्रम प्रभावकारी, दिगो र व्यवहारिक कार्यक्रम हो। यस कार्यक्रमले आमाहरूको जीवनस्तर सुधार गर्दै गाउँपालिकाको समग्र सामाजिक– आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउनेछ।

## ४.अदुवाबेसार खेती तालिम तथा क्षेत्रविस्तार (Expansion) कार्यक्रम

### ४.१कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रमको नामःअदुवाबेसार खेती तालिम तथा क्षेत्रविस्तार (Expansion) कार्यक्रम

४.२ लक्षित वडाः४ वटा वडा (प्रत्येक वडाबाट २५ किसान)

वडा नं. ( वडा नं.३, ४,  ५ र ७ )

लाभग्रही संख्याः१०० किसान घरधुरी

४.३कुल कार्यक्रम लागतःरु. १५,००,००० (पन्ध्र लाख मात्र)

४.३ कार्यक्रमका उद्देश्य

1. किसानलाई अदुवा– बेसारखेतीका आधुनिक प्रविधि, रोग– व्यवस्थापन, मूल्य श्रृंखला र बजारिकरणका सीप प्रदान गर्ने।
2. १०० किसानलाई उन्नत बीउ, जैविक मल, उपकरण तथा प्रारम्भिक उत्पादन किट उपलब्ध गराउने।
3. गाउँपालिकामा मसला बाली क्षेत्रविस्तार गरी व्यावसायिक तथा उच्च मूल्यका बाली उत्पादन प्रवर्द्धन गर्ने।
4. आयमूलक कृषि विस्तारमार्फत स्थानीय आर्थिक समृद्धिमा योगदान पुऱ्याउने।

४. ४प्रमुख गतिविधिहरू

लाभग्राही छनोट तथा अभिमुखीकरण

- प्रत्येक वडा बाट सुनौला १००० दिनका २५ जगा किसान
- महिला, विपन्न, युवा तथा मसला बाली उत्पादन इच्छुक कृषकलाई प्राथमिकता

२ दिने व्यावहारिक तालिम

तालिमका मुख्य विषयहरूः

- उन्नत जात छनोट
- बीउ तयारी/रेज व्यवस्थापन
- माटो परीक्षण र मल तालिका
- जैविक मल/जैविक मस्यौंदा प्रयोग
- रोग– कीरा व्यवस्थापन (**Rhizome rot** आदि)
- सिंचाइ तथा खर– पतवार नियन्त्रण
- उत्पादन, भण्डारण तथा बजारिकरण प्रविधि
- प्रशोधन– सुकाउने– प्याकिङ आधारभूत अभ्यास

४.५ सामग्री (मिनिकिट) वितरण

- अदुवा/बेसारको उन्नत रेज (**Seed Rhizome)**
- जैविक मल (कम्पोस्ट/भर्मी/बायो– फर्टिलाइजर)
- बाली व्यवस्थापन उपकरण
- मल्चीङ सामग्री (आवश्यकता अनुसार)

४.६ क्षेत्रविस्तार (सपोर्ट) कार्यक्रम

- १०० किसानलाई न्यूनतम ५– १० रोपनी बराबर क्षेत्रविस्तार सहयोग

- खेतस्तरको प्राविधिक मार्गदर्शन

४.७ प्राविधिक सहजीकरण तथा अनुगमन

- ३ चक्रमा प्राविधिक टोलीद्वारा अनुगमन
- रोग– समस्या पहिचान र समाधान

अपेक्षित नतिजा

- १०० परिवारमा व्यावसायिक अदुवा– बेसार खेतीको विस्तार।
- मसला बाली उत्पादन मध्यमदेखि उच्च व्यावसायिक स्तरतिर उन्मुख।
- प्रति किसान वार्षिक५०,००० देखि १,५०,०००सम्म अतिरिक्त आम्दानी वृद्धि।
- गाउँपालिकामा मसला– उद्यमशीलता तथा मूल्य श्रृंखला विकासको आधार तयार।
- स्थानीय तथा बाह्य बजारमा आपूर्ति सुदृढीकरण।

४.८कार्यान्वयन समयावधि

- ४ महिना
  - तालिम तथा सामग्री वितरणः १ महिना
  - बाली विस्तार : १ महिना
  - अनुगमन र प्रतिवेदनः २ महिना

४. १०बजेट विवरण (रु. १५,००,०००)

| क.सं. | विवरण | परिमाण | एकाइ दर (रु.) | कुल रकम (रु.) |
|---|---|---|---|---|
| 1 | २ दिने तालिम (४ वडामा) | ४ कार्यक्रम | ८०००० | ३२०००० |
| 2 | अदुवा/बेसार बिउ (Seed / Rhizome) खरिद तथा बितरण | 100 घरधुरी | १०००० | १०,००,००० |
| 3 | जैविक मल तथा विसादी उपकरण किट | 100 घरधुरी | १८०० | १८०००० |
|  | जम्मा |  |  | १५,००,००० |

- ४. ११निष्कर्ष

अदुवा– बेसार खेती तालिम तथा क्षेत्रविस्तार हस्तान्तरण कार्यक्रम दोगदाकेदार गाउँपालिकाका किसानहरूका लागि आयमूलक, दिगो तथा बजार– उन्मुख कार्यक्रम हो। यस कार्यक्रमबाट १२० किसान प्रत्यक्ष रूपमा लाभान्वित भई आय– आर्जन, व्यावसायिक क्षमता तथा स्थानीय अर्थतन्त्रमा उल्लेखनीय वृद्धि हुनेछ।

# ५.तरकारी खेती प्रवर्द्धनका लागि पोलिहाउस वितरण कार्यक्रम

## ५.१ कार्यक्रमको संक्षिप्त विवरण

**कार्यक्रमको नामः**

तरकारी खेती प्रवर्द्धनका लागि पोलिहाउस वितरण कार्यक्रम

**लक्षित वडाः**

गाउँपालिकाका ४ वडाहरू वडा नं.( १,२,६ र ८)

**लाभग्राही संख्याः**

१२०किसान घरधुरी (प्रत्येक वडाबाट ३०– ३०)

कुल बजेटः

**रु. १५,००,००० (दश लाख मात्र)**

## ५.२ कार्यक्रमका उद्देश्य

1. किसानलाई वर्षभरि तरकारी उत्पादन गर्न सक्षम बनाउने,
2. साना संरचनात्मक पोलिहाउसमार्फत मौसमजन्य जोखिम न्यूनीकरण,
3. स्थानीय बजारमा निरन्तर तरकारी आपूर्ति बढाउने तथा किसानको आम्दानी वृद्धि,
4. आधुनिक प्रविधि– आधारित तरकारी खेतीलाई प्रोत्साहन।

## ५.३ कार्यक्रमका प्रमुख गतिविधिहरू

1. **लाभग्राही छनोट तथा अभिमुखीकरण तालिम**
    - साना सीमान्तकृत किसान, उत्पादन गर्ने इच्छा तथा उपलब्ध जमिन।
2. **पोलिहाउस वितरण**
    - लो– कस्ट पोलिहाउस(९०GSM) (आनुमानिक 12×15 ft / 180 sq.ft.)
    - पाइप संरचना, प्लास्टिक (UV Sheet), डोरी, ढोकाको फ्रेम आदि।
3. **तरकारी नर्सरी तथा बीउ वितरण**
    - टमाटर, गोलभेंडा, काउली, सिमी, खुर्सानी आदि।
4. **प्राविधिक तालिम तथा परामर्श**
    - पोलिहाउस व्यवस्थापन
    - रोग– कीरा नियन्त्रण

- नर्सरी तथा सिँचाइ व्यवस्थापन

5. **अनुगमन तथा मूल्यांकन**
    - प्रत्येक वडामा कम्तीमा २ पटक अनुगमन

**५.४ अपेक्षित नतिजा**

- १२५ किसानले वर्षभरि तरकारी उत्पादन गर्न सक्षम हुने।
- वार्षिक आम्दानीमा न्यूनतम २५–५०% सुधार।
- स्थानीय बजारमा तरकारी आपूर्तिमा स्थिरता।
- वातावरणमैत्री, संरक्षित तरकारी खेतीको प्रवर्द्धन।

**५.५ कार्यक्रम सञ्चालन समयावधि**

- **समग्र अवधिः ३ महिना**
    - सामग्री खरिद–वितरणः १ महिना
    - तालिम तथा स्थापनाः १ महिना
    - अनुगमन र सुधारः १ महिना

**५.६बजेट विश्लेषण (रु. १४,६०,०००)**

| क.सं. | विवरण | परिमाण | एकाइ दर (रु.) | कुल रकम (रु.) |
|---|---|---|---|---|
| 1 | अभिमुखीकरण/तालिम | ४वडामा | ५६२५० | २,२५,०००। |
| 2 | पोलिहाउस (साना मॉडेल) | १२०घरधुरी | ८००० | ९,६०,०००। |
| 3 | नर्सरी सामग्री | १२०घरधुरी | २२९२ | २,७५,०००। |
| | **कुल रकम** | | | १४,६०,०००। |

**५.७ निष्कर्ष**

दोगदाकेदार गाउँपालिकामा पोलिहाउस वितरण कार्यक्रमले किसानको उत्पादन क्षमता, आर्थिक अवस्था तथा स्थानीय खाद्य आपूर्तिमा प्रत्यक्ष योगदान पुर्‍याउनेछ। यो कार्यक्रम व्यवहारिक, कम लागत तथा उच्च प्रतिफलयुक्त भएकाले**१२० किसान परिवार**प्रत्यक्ष लाभान्वित हुनेछन्।

## ग.शिक्षा शाखा

## १ .कक्षा ६ देखी १२ सम्मका विद्यार्थीहरु लाई टिफिन वितरण २४०० जना १००० जम्मा रकम रु.२४,००,०००।

उद्देश्यः जंकफुड प्रयोगमा न्युनिकरण गरी किसोर किसोरीहरुमा हुने रक्तअल्पताहुने दरमा कमी आउने र विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार ल्याउने ।

घ महिला बाल बालिका क्षेत्र

१.उद्देश्यःसुनैला हजार दिनका आमाहरुका घरपरिवारका सासु / श्रीमान ससुराहरु लाई पोषण सम्वन्धि अभिमुखीकरण र बाल क्लवहरुमा पोषण सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरी कमतौलको जन्मदर घटाउने , बाल बिबाह न्युनिकरणमा मदत पुग्ने ।

२. कार्यक्रमका लागी लागत अनुमान रु.१०,००,०००।

| क्र.सं. | विवरण | जना संख्या | दिन | प्रतिलागत | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | सुनैला हजार दिनका आमाहरुका घरपरिवारका सासु / श्रीमान ससुराहरु लाई पोषण सम्वन्धि अभिमुखीकरण | १४०० | १ | ८५००० | ६,८०,०००। |
| २ | बाल क्लवहरुमा पोषण सम्वन्धि अभिमुखीकरण | १६० | १ | २००० | ३,२०,०००। |
| | जम्मा रु | | | | १०,००,०००। |